नि.प्र.का. सप्तरी द.नं. १२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक ६० २०७९ साल असोज ११ गते मंगलबार (27 Sep 2022 Tuesday) मूल्य रु. ५/-




**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : हुलाकी सडकले पुराना.. ३ पृष्ठमा : दसैंमा २० लाखले काठमाडौं ... ३ पृष्ठमा भारतीय काँग्रेसको अध्यक्षमा...

## घटस्थापनासँगै वडा दशैं शुरु




**दैनिक समाचारदाता**
**राजविराज, १० असोज ।**
घटस्थापनासँगै सोमवारदेखी सप्तरीमा पनि बडा दशैको चहलपहल शुरु भएको छ। सप्तरीको प्रसिद्ध शक्तिपीठ छिन्नमस्ता, कंकालिनी, राजदेवी, भगवती लगायतका शक्तीपीठहरुमा विषेश पुजाअर्चना संगै जमरा राखिएको छ।

यस अवसरमा शक्तीपीठहरुलाई सिंगारिने तथा विभिन्न टोल र चोकमा समेत दुर्गा प्रतिमा निर्माण र यी स्थानलाई रंगीचंगी पण्डाल तथा तोरणद्वार विषेशरुपले सिंगारिने काम भइरहेको छ।

छिन्नमस्ता मन्दिरमा घटस्थापनापूर्व कलश यात्रा निकालिएको छ। कलश यात्रामा सहभागी महिलाहरुले बोकेका कलश नजिकैको पवित्र जलाशयबाट जल भरी पुजा स्थलमा राखिएको छ।

दशैका बेला शक्तिपीठहरुमा देखिने भीड व्यवस्थापन तथा शान्ति सुरक्षाका लागी चाडपर्व लक्षित विषेश सुरक्षायोजना लागु गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी माधव प्रसाद काफलेले बताए।

प्रत्येक शक्तीपीठहरुमा निगरानीका लागी ठुलो संख्यामा सादा पोशाकमा समेत सुरक्षाकर्मी परिचालन गरिएको उनले जानकारी दिएका छन्।

यता सप्तरीको प्रसिद्ध छिन्नमस्ता मन्दिरमा यस वर्ष लाखौं भन्दा बढी श्रद्धालु आउने अनुमान सहित सोही अनुसारको तयारी गरिएको मन्दिरका मुल पुजारी महाकान्त ठाकुरले बताए।

दशैको तयारीका लागी छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरी र स्थानीयको सहयोगमा सरसफाई, रंगरोगन, प्रचार प्रसार, स्वयसेवक परिचालन तथा अतिथी व्यवस्थापन लगायतका सम्पुर्ण तयारी सकिएको उनले बताएका छन।

लाखौंको संख्यामा आउने भक्तजनका लागी खानेपानी शौचालय, रात विताउनेका लागी उपयुक्त वासस्थान लगायतको तयारी समेत गरिसकिएको उनले बताएका छन्।

## चोरीका घट्ना बढेपछी सुरक्षाको माग गर्दै प्रदर्शन




**दैनिक समाचारदाता**
**राजविराज, १० असोज ।**
सप्तरी सदरमुकाम राजविराजमा पछिल्लो पटक चोरीका घटनाहरु बढ्दै गएपछि सुरक्षाको माग गर्दै स्थानियहरुले सोमबार प्रदर्शन गरेका छन्।

चोरी पीडित संघर्ष समीति राजविराजको अगुवाईमा स्थानीय शिवमन्दिरबाट नारावाजिका साथ नगरपरिक्रमा गर्दै प्रर्दशन गरेका हुन।

प्रर्दशनमा सहभागीहरुले शान्तिसुरक्षाको प्रत्याभुती, दिनहु हुने चोरीका घटना नियन्त्रण, अपराधी पत्ता लगाई कडा कारवाही लगायतका नाराबाजी गर्दै नगरक्षेत्रको परिक्रमा गरेका थिए।

दुई महिना यता लगातार झण्डै तीन दर्जन भन्दा बढी चोरीका घट्ना भएपछी स्थानीय शान्तिसुरक्षा र प्रहरी सक्रियता संगै रात्री गस्ती र निगरानी बढाउनु पर्ने माग गर्दै सडक प्रर्दशनमा उत्रेका हुन।

सडक किनार र घर अगाडी राखिएका साइकल र मोटरसाईकल मात्र होइन, पसलको सटर र घरको झ्याल ढोका समेत फोडेर लाखौको धनमाल चोरी हुने क्रम बढेकाले र यस्ता अपराधिक घटना रोक्न स्थानीय प्रशासनलाई दवाव स्वरुप प्रर्दशन गरिएको संघर्ष समितीकी संयोजक सुनिता साहले बताईन।

प्रर्दशनमा सहभागी युवा अभियन्ता पार्थो सरकार, खेलानन्द दास लगायतले पनि जिल्लामा केही दिन यता चोरीको घटना ह्वातै बढेको भन्दै प्रहरीले सक्रियता र निगरानी नबढाए आन्दोलन चर्काउने चेतावनी दिए।

यता जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधव प्रसाद काफ्लेले हालै नगरका विभिन्न स्थानमा भएका चोरी घट्नाका अधिकाँश अपराधीहरुलाई पक्राउ गरिसकेको दाबी गरेका छन्। उनले आधा दर्जन भन्दा बढी चोरहरुलाई पक्राउ गरेर अनुसन्धान थालेका बताए।

**भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।**

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

**P-JTA बाली विज्ञान १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

**केही सिट बाँकी रहेकोले तुरुन्त सम्पर्क राख्नुहोला ।**

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**
**राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक**
**फोन नं. ०३१-५२१४७८**
**मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५**

**जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?**

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध बनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५२०६०१, ०३१५२०६०२,**
**www.janajyoticoop.com.np**

## सम्पादकीय

# लामखुट्टेको प्रकोप बढ्यो

मौसम परिवर्तनसँगै अहिले लामखुट्टेको प्रकोप बढ्न थालेको छ । लामखुट्टेका कारण राजविराज नगरका मुख्य सडकहरुमा बस्न र हिंडडुल गर्न समेत समस्या हुनथालेको छ । जाडोको मौसम आगमन हुनै लाग्दा लामखुट्टे र विभिन्न प्रकारका किराहरुको प्रकोपमा पनि बृद्धि भएको छ ।

राजविराज नगरपालिकास्थित विभिन्न सडक छेउमा रहेको नालाहरुलाई ढाकिने स्ल्याप नरहेकोले पनि सो नालामा जमेको पानी र फोहरका कारण लामखुट्टेको प्रकोप बढेको छ । विगतका वर्षहरुमा जिल्ला जनस्वास्थ्य कार्यालय र नगरपालिकाको समन्वयमा लामखुट्टे नष्ट गर्ने औषधी छर्किने गरिन्थ्यो । तर, धेरै दिनदेखि सम्बन्धित निकायले सो तर्फ ध्यान पुऱ्याएको देखिन्न् ।

तसर्थ लामखुट्टेबाट जिल्लावासीलाई छुटकारा दिलाउन सम्बन्धित निकायले बेलैमा ध्यान पुऱ्याउनु पर्छ ।

# हुलाकी सडकले पुराना बजार गुल्जार हुँदै

*– लोकेन्द्रप्रसाद यादव*

गोलबजार, १० असोज (रासस) ।

सिरहा-धनुषा-सप्तरी खण्डमा करिब ९० प्रतिशत हुलाकी सडक कालोपत्र भएको छ । यसको अन्तिम चरणको काम भने बाँकी छ । सडक बनेसँगै सडक क्षेत्रको जग्गाको मूल्य बढेको छ ।

घनाबस्ती हुँदै एको यस क्षेत्रमा हुलाकी सडकलाई मधेसको लाइफलाईन मानिन्छ । कमला नदी र सिरहामा पर्ने गागनलगायत केही खोलामा पुल निर्माणको काम पूरा नहुँदा तीनटै जिल्लाका ग्रामीण क्षेत्र विकासमा पछि परेको छ । पुल बन्यो भने राजविराजबाट –सिरहा हुँदै सीधा धार्मिक महत्व बोकेको सहर जनकपुरधामसम्म सवारी सञ्चालन हुनेछ ।

हुलाकी सडक सुख्खा मौसमा धुलाम्मे र वर्षामा हिल्लाम्मे देखिने गरेकोमा कालोपत्र भएपछि प्रत्येक किलोमिटरमा नयाँ चोक निर्माण निर्माण भएको छ भने पुरानो बजार गुल्जार भएको छ । सप्तरीमा बोदे बर्साइन् बजार, डिमन, पथरगडा, अर्नाहा, चन्ही चोक, सिरहामा भगवानपुर, सोनवर्षा, बरयारपट्टी, औरही, सनहैठा, धनुषमा कमला, तीन कोरिया, लगमा, सघरा, औरही, भेल लागायतका बजार तीव्र गतिमा विकास भइरहेको छ ।

यो राष्ट्रिय गौरवको आयोजना अर्न्तगतको हुलाकी सडकमा पर्ने पुराना बजारले काँचुली फेरेको छ । हुलाकी सडकमा पर्ने बजारको विकास भएसँगै ग्रामीण जनताको जीवनस्तर उकासिएको छ । ठूला लगानीका पसल थपिएको छ । किनमेल गर्न लहान जानुपर्ने अवस्थाको अन्त्य भएको भगवानपुर गाउँपालिकाका जयनारायण यादवले बताउनुभयो । सिरहाको बरियारपट्टी बजारको स्वरुप यति बेला फेरिएको छ । बजारको स्वरुप फेरिएसँगै त्यहाँका स्थानीयवासीमा पहिलाको भन्दा अचेल बेग्लै खालको उत्साह देखिन थालेको छ । “पहिला पहिला बजार क्षेत्रमा साघुँरो सडक र फुसको छाप्रो, त्यहीभित्र साना–साना व्यवसायी मात्र थिए”, बरियारपट्टीका शङ्कर साहले भन्नुभयो, “तर अहिले सडक फराकिलोसँगै ठूलठूला पक्की भवन र ठूलो लगानीका पसल खुलेका छन् ।”

सप्तरीका बलान बिहुँल गाउँपालिका-२ चन्ही चोकमा १२ वर्ष अगाडि निकै सस्तोमा पाइने जग्गाको भाउ अहिले आकासिएको स्थानीयवासी रामशङ्कर भण्डारीले बताउनुभयो । “सडक पूर्णरुपमा तयार भयो भने जग्गाको भाउ अझै बढ्ला”, स्थानीयवासी प्रमेश्वर दासले बताउनुभयो ।

यस क्षेत्रमा पुल निर्माण सम्पन्न हुने बित्तिकै सडकमा गाडी चल्न सुरु हुने तथा धनुषा, सिरहा र सप्तरीका ग्रामीण बस्तीमा आर्थिक गतिविधि बढ्ने नेरुडे लघुवित्त सनैहठा शाखामा कार्यरत हेमन्थ यादवले बताउनुभयो । सिरहा र धनुषा जोड्ने कमला नदीमा निर्माणाधीन पुल भत्किएको एक वर्ष भन्दा बढी भइसक्दा पनि पुनःनिर्माण भएको छैन । जसका कारण अस्थायी पुलमा जोखिमपूर्ण यात्रा गर्न स्थानीय बाध्य छन् । सिरहा सदरमुकामबाट हुलाकी सडक भएर जनकपुरधाम पुग्न करिब ४५ मिनेट लाग्छ । तर, राजमार्ग भएर जनकपुरधाम पुग्न झण्डै तीन घण्टा लाग्छ । राजमार्गको दूरी लामो तथा गाडीको चाप भएकाले धेरै मानिस जोखिम मोलेरै जनकपुरधाम पुग्न हुलाकी सडक रोज्छन् ।

पुलको पूर्व सिरहा नगरपालिका र पश्चिम धनुषाको कमला नगरपालिका पर्छ । कमला नदीमा चार सय ७० मिटर लम्बाइ र ११ मिटर चौडाइ पुल निर्माणका लागि २०६८ मै पप्पु लुम्बिनी बिल्डर्सले रु २४ करोड ९१ लाखमा ठेक्का लिएको थियो । केहीं काम गरी पप्पुले काम नगरेपछि सम्झौता रद्द गरी २०७६ असोज १ मा लुम्बिनी बिल्डर्स कन्स्ट्रक्सनलाई जिम्मा दिइयो । एक वर्ष अगाडि असारमा पहिलो पुल हस्तान्तरण गर्ने भनी निर्माण कम्पनीले तयारी गरिरहँदा २०७८ असार १७ को सामान्य बाढीले पिलर भासियो, ढलानसमेत खस्यो । सरकारले पुल पुनःनिर्माण गर्न निर्देशन दिए पनि निर्माण व्यवसायी कम्पनीले वास्ता गरेको छैन ।

हुलाकी सडक आयोजना जनकपुरधामका प्रमुख इञ्जिनीयर कृष्णा महतो भन्नुहुन्छ, “ठेक्का लिएकै कम्पनीले पुनः पुलःनिर्माण गर्छ । वर्षायाममा अर्को डिजाइन तयार पार्ने र हिउँदबाट काम सुरु गर्ने भनिएको थियो । अब काम सुरू हुन्छ ।” यस्तै सिरहाको औरही गाउँपालिका वडा– ५ गागन नदीमा हीराचन रोशन कन्ट्रक्सन प्रालि मार्फत रोशन कन्ट्रक्सनले पुल निर्माणको काम गर्दै आएको छ । तीन वर्षभित्र सकिने गरी २०७६ सालमा सम्झौता भएको सो पुल निर्माणको काम ढिलो हुँदा स्थानीयवासी निराश बनेका छन् ।

सिरहा सिमानामा बलान पुल देखि कमला पुल २९. ८८ किलोमिटर, सप्तरी जिल्लामा कञ्चनरुपदेखि बलान पुल ३२ किलोमिटर, धनुषा जिल्लामा कमला पुल देखि जनकपुरधाम २७ किलोमिटर हुलाकी सडक खण्ड पर्दछ ।

# सुर्तीजन्य पदार्थको कभरमा ९० प्रतिशत चेतनामूलक सन्देश छाप्नुपर्ने

काठमाडौं, १० असोज (रासस) ।

नेपालमा सुर्तिजन्य पदार्थबाट बनेका चुरोट खैनी लगायतको बट्टा ९० प्रतिशत चेतनामूलक सन्देश र घातक रङ्गिन चित्र छाप्नुपर्ने अनिवार्य भएको छ । सरकारले ‘सुर्तीजन्य पदार्थको बट्टा प्याकेट, र्‍यापर्स, पेटी तथा पार्सल प्याकेजिङमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अङ्कित गर्ने निर्देशिका २०७१’ र सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन गर्ने ) ऐन, २०७६ दुवै कानुनमा ९० प्रतिशत भागमा चेतनामूलक र सन्देशमुलक सामग्री राख्ने उल्लेख छ ।

सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन गर्ने) ऐन २०७६ को दफा ९ मा उत्पादकले सुर्तीजन्य पदार्थको बट्टा, र्‍यापर्स, प्याकेट तथा पार्सलको प्याकेनिङ र लेबलको बाहिर कूल भागमध्ये कम्तिमा ९० प्रतिशत भागमा सुर्तीजन्य पदार्थ स्वास्थ्यलाई हानिकारक छ भन्नेजस्ता व्यहोराको मन्त्रालयले तोके बमोजिम चेतावनीमूलक सन्देश र सुर्तीजन्य पदार्थको सेवनको असरबाट भएको घातक, रङ्गिन चित्र प्रस्ट रुपमा बुझ्ने र देख्नेगरी नेपाली भाषामा छाप्नु तथा अङ्कित गर्नुपर्ने उल्लेख छ ।

निर्देशिकामा दफा ४ मा चुरोटको बट्टा, प्याकेट र र्‍यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडि ९० प्रतिशत चेतनामूलक सन्देश र घातक रङ्गिन चित्र राख्नुपर्ने अनिवार्य व्यवस्था रहेको थियो ।

चुरोटको बट्टा, प्याकेट र र्‍यापर्समा मुख्य भागमा ७० प्रतिशत चित्र र २० प्रतिशत चेतनामूलक सन्देश राख्ने निर्देशिकामा उल्लेख गरिएको थियो । तर उत्पादक कम्पनीले सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन गर्ने) ऐन २०६८ अनुसार नै बट्टामा ७५ प्रतिशत मात्र चेतनामूलक र घातक रङ्गिन चित्र राखी पछिल्लो निर्देशिका र ऐनअनुसार ९० प्रतिशत चेतनामूलक र घातक चित्र राखेका थिएनन् । सर्वोच्च अदालतले सुर्तीजन्य पदार्थ ( नियन्त्रण तथा नियमन गर्ने) ऐन २०७६ र निर्देशिका २०७१ अनुसार ९० प्रतिशत चेतनामूलक र रङ्गिन चित्र कार्यन्वयनमा आउनुपर्ने आदेश दिए पनि अब अनिवार्य रुपमा कार्यन्वयनमा जानुपर्ने भएको छ ।

विसं २०७२ जेठ १ गतेदेखि निर्देशिका र ऐनअनुसार ९० प्रतिशत चेतनामूलक र रङ्गिन चित्र कार्यान्वयनमा आउनुपर्ने उत्पादकले कार्यान्वयन नगरेपछि बाध्य भएर सर्वोच्च अदालतलेमा रिट दायर गर्नुपरेको थियो ।

सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन गर्ने) ऐन २०६८ को दफा ९ मा कूल भागको ७५ प्रतिशत भागमा सुर्तीजन्य पदार्थ स्वास्थ्यलाई हानिकारक छ भन्ने चेतनामूलक सन्देश र सुर्तीजन्य पदार्थको सेवनको असरबाट भएको घातक, रङ्गिन चित्र प्रस्ट रुपमा बुझ्ने र लेख्नेगरी नेपाली भाषामा छाप्नुपर्ने उल्लेख छ ।

सुर्तीजन्य पदार्थमा ७५ प्रतिशत मात्र चेतनामूलक र घातक चित्र राखेर मानिसमा चुरोट सेवन गर्ने घटेको पाइएको थियो । एक्सन नेपालले गरेको एक अध्ययनले ५५ प्रतिशत चुरोट सेवन गर्नेमा कमी आएको बताइएको छ ।

राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्रका वरिष्ठ स्वास्थ्य शिक्षा प्रशासक डा भक्त केसीले चुरोटको बट्टा, प्याकेट र र्‍यापर्सको बाहिरी भागमा ९० प्रतिशत चेतनामूलक र घातक चित्र अङ्कित भए मानिसले चुरोट सेवनमा कमी आउने बताउनुभयो ।

“विभिन्न अध्ययन अनुसन्धानले पनि जति ठूलो चुरोटमा घातक चित्र भयो । त्यति नै मानिस डराएर सुर्तीजन्य पदार्थको सेवन गर्दैनन् भन्ने पुष्टि भएको छ”, उहाँले भन्नुभयो, “अब हामीले पनि सुर्तिजन्य पदार्थमा ९० प्रतिशत चेतनामूलक र घातक चित्र राख्ने बित्तिकै मानिसले सेवन गर्न छाड्ने छन् ।”

उहाँले सर्वोच्च अदालतको पूर्ण आदेश आएपछि सुर्तिजन्य पदार्थको उत्पादक कम्पनीलाई पत्र लेखेर चुरोट, खैनी जस्तोको बट्टामा ९० प्रतिशत चेतनामूलक र घातक चित्र राख्ने निर्देशन दिने बताउनुभयो ।

नेपालमा सुर्तीजन्य सेवनबाट वार्षिक करिव २७ हजार मानिसको मृत्यु हुने गरेको पाइएको छ । जुन सङ्ख्या नेपालको जम्मा मृत्युको करिब १५ प्रतिशत हो । विश्वमा वार्षिक ८० लाख मानिसको मृत्यु सुर्तीजन्य पदार्थको सेवनको कारण हुन्छ । जसमध्ये ७० लाख प्रत्यक्ष सुर्तीजन्य पदार्थको सेवन र १२ लाखसँगै बस्नेले खाएको चुरोटको धुवाँको असरका कारणले मृत्यु हुने तथ्याङ्ले देखाएको छ । सुर्तीजन्य पदार्थको सेवनले क्यान्सर, मुटु रोग, दीर्घ श्वासप्रश्वाससम्बन्धी रोग र मधुमेह रोग लाग्ने गर्दछ ।

**चुरोट सेवन गर्नेमा बढी हृदयघात**

चुरोट पिउने मानिसमा हृदयघात हुने सम्भावना बढी हुने गरेको गंगालाल हृदय राष्ट्रिय केन्द्रका निर्देशक डा चन्द्रमणि अधिकारी बताउँछन् । युवामा चुरोट सेवन गर्ने क्रम बढेको पाइन्छ । हृदयघात भएकामध्ये ६५ प्रतिशत चुरोट सेवन गर्नेहरू हुन्छन् । तीमध्ये ४० वर्ष उमेर समूहका व्यक्ति धेरै रहेको उहाँको भनाइ छ । उहाँका अनुसार ४० वर्षभन्दा कम उमेरको व्यक्तिले चुरोट सेवन गर्छ भने उसलाई हृदयघात हुने सम्भावना नखानेको तुलनामा आठ गुणाले बढी हुने गर्दछ ।

बरिष्ठ मुटु रोग विशेषज्ञ डा. भगवान कोइराला पनि हृदयघात ६० वर्षमाथिकामा हुने गरे पनि चुरोट खाने व्यक्तिमा भने ४० वर्षमुनि पनि हुने गरेको बताउँछन् । “चुरोट सेवन गर्नाले युवावस्थामा नै हृदयघात हुने सङ्ख्या अत्यधिक बढदै गएको छ”, उहाँले भन्नुभयो ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# दसैंमा २० लाखले काठमाडौं उपत्यका छोड्ने

काठमाडौँ, १० असोज (रासस) । बडादसैँमा काठमाडौँ उपत्यकाबाट आआफ्नो स्थायी घर फर्कने यात्रुको सङ्ख्या ह्वात्तै बढेको छ ।

अहिले दैनिकरुपमा नागढुङ्गा, साँगाभञ्ज्याङ, मुड्खु र फर्पिङ हुँदै उपत्यका छोड्नेको सङ्ख्या दैनिक ५० हजार भन्दामाथि रहेको छ । यस पटक दसैँमा करिब २० लाख व्यक्ति उपत्यकाबाट बाहिर जाने अनुमान गरिएको महानगरीय ट्राफिक कार्यालयका प्रवक्ता राजेन्द्रप्रसाद भट्टले बताउनुभयो ।

अघिल्लो दुई आर्थिक वर्षमा कोरानालगायत कारणले दसैँका बेला पनि उपत्यकाबाट बाहिर जानेको सङ्ख्या न्यून थियो । तीन वर्षअघि काठमाडौँ उपत्यकाबाट दसैँका अवसरमा घर फर्कनेको सङ्ख्या २० लाखको हाराहारीमा रहेको तथ्याङ्क छ ।

दसैँमा घर जाने यात्रुलाई सहजीकरण गर्न ट्राफिक प्रहरीले गोंगबु, चाबहिल, कोटेश्वर, कलङ्कीलगायत उपत्यकाका १४ यात्रु सहायता कक्ष स्थापना गरेको छ ।

यातायात व्यवस्था कार्यालय, यातायात व्यवसायी र ट्राफिक प्रहरी सवारीको समन्वयमा स्थापना गरिएका त्यस्ता कक्षबाट गन्तव्यस्थल जान सवारीसाधन नपाउने तथा विभिन्न कारणले अप्ठ्यारोमा परेका यात्रुलाई सहजीकरण गर्नेछ ।

सवारी चाप र भिडभाडका कारण हुनसक्ने चोरी र पाकेट मार नियन्त्रण, क्षमताभन्दा बढी चढाउने सवारी साधनलाई कारवाही गर्न सादा पोशाकमा पनि प्रहरी खटिने प्रवक्ता भट्टले जानकारी दिनुभयो ।

महानगरीय ट्राफिक प्रहरी कार्यालयले दसैँ मनाउन घर फर्कने यात्रुको बढी चापलगायतका कारणले सवारी दुर्घटना हुनसक्ने भएकाले चालकले तीव्र गति वा मादक पदार्थ सेवन गरी सवारीसाधन चलाएमा खबर गर्न आग्रह गरेको छ । यातायात व्यवसायीले पनि दसैँका लागि पर्याप्त सवारीसाधन उपलब्ध हुने प्रतिबद्धता जनाउँदै सवारी साधनको अभाव नहुने भएकाले यात्रुलाई ढुक्क भएर टिकट लिएर मात्र गन्तव्यतर्फ प्रस्थान गर्न सुझाव दिएको छ ।

अहिले उपत्यका भित्रने सवारी साधनको तुलनामा बाहिर जाने सवारी साधन र यात्रुको सङ्ख्या उल्लेख्यरुपमा वृद्धि भएको छ । प्रहरीले छतमा नचढ्न, सवारीसाधनमा नझुण्डिन र कसरी यात्रा गर्दा सुरक्षित हुन्छ त्यसतर्फ आफैँ सचेत रहन सबै यात्रुसँग आग्रह गरेको छ ।

# निर्वाचन खर्च विवरण नबुझाउने उम्मेदवारमाथि थालिएको कारबाहीप्रति ध्यानाकर्षण

**दैनिक समाचारदाता**
**काठमाडौं, १० असोज ।**

गाउँपालिका महासंघले प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाललाई भेटेर समयमा निर्वाचन खर्च विवरण नबुझाउने उम्मेदवारमाथि थालिएको कारबाहीप्रति ध्यानाकर्षण गराएको छ ।

सोमबार महासंघका अध्यक्ष होमनारायण श्रेष्ठ र महासचिव वंशलाल तामाङसहितको टोलीले आयोगको ध्यानाकर्षण गराएको हो । भेटपछि गाउँपालिका महासंघले स्थानीय तहको निर्वाचनमा उम्मेदवार भइ कानुनबमोजिम बुझाउनुपर्ने निर्वाचन खर्चको विवरण नबुझाउने उम्मेदवारलाई कारबाही गर्ने सम्बन्धमा खुकुलो बनाउन माग गरे ।

ज्ञापनपत्र बुझ्दै प्रमुख आयुक्त थपलियाले आयोगले विद्यमान कानुनलाई कार्यान्वयन मात्र गरेको बताए । उनले तीनवटा विकल्पबाट मात्र यो समस्या समाधान हुने जानकारी पनि भेटमा गराएको विज्ञप्तिमा उल्लेख छ ।

कारबाही सच्याउनका लागि निर्वाचन ऐन २०७३ लाई तत्काल अध्यादेश ल्याएर संशोधन गर्ने, राष्ट्रपतिले नेपाल सरकारको सिफारिसमा जरिवाना मिनाहा गर्ने र हाललाई जरिवाना कसैले पनि नबुझाउने र निर्वाचन पश्चातको संसद्बाट कानुन संशोधनको लागि पैरवी गर्ने विकल्प रहेको उनले सुझाव दिएका छन् ।

वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा उम्मेदवार भइ कानुनबमोजिम बुझाउनुपर्ने निर्वाचन खर्चको विवरण नबुझाउने उम्मेदवारलाई कारबाही गर्ने सूचना जारी गरेपछि महासंघले निर्वाचन आयोगसँग छलफल गरेको हो ।

भूलवश कानुन पालनामा त्रुटि भए सच्चिने मौका दिने न्यायको सिद्धान्तभित्रै पर्ने भन्दै स्थानीय तहमा कतिपय उम्मेदवारलाई खर्च विवरण नबुझाए कारबाही हुने कुरा जानकारी नै नभएकाले पनि समस्या भएको गाउँपालिका महासंघका प्रतिनिधिले बताएका छन् ।

स्थानीय तहको निर्वाचनमा उम्मेदवार भइ कानुनबमोजिम बुझाउनुपर्ने निर्वाचन खर्चको विवरण नबुझाउने १ लाख २३ हजार ६ सय २४ जना उम्मेदवारलाई कारबाही गर्ने आयोगले यसअघि सूचना जारी गरेको थियो ।

परिस्थितिजन्य समस्याको समाधान गर्न एकपटकको लागि पुनर्विचार गरी विभिन्न कारणले निर्वाचन खर्चको विवरण नबुझाएका र बुझाउन नसकेका उम्मेदवारलाई खर्चको विवरण पेस गर्न पुनः केही दिन समय दिन उनीहरुले माग गरेका थिए ।

उनीहरुको जवाफमा प्रमुख

*बाँकी अन्तिम पृष्ठमा*

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोवाईल नं. ९८५२८२०९३५**


डा. कालीप्रसाद यादव
M.B.B.S.,MD Internal Medicine
(NAMS Bir Hospital, Kathmandu)
Consultant Physician
कन्सलटेन्ट फिजिसियन
मधुमेह(चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरतः गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
जय श्री कृष्ण फार्मेसी, ९८१९७२१५२६, ९८१७७८१९८७

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734

## विश्व समाचार

### भारतीय काँग्रेसको अध्यक्षमा शशी थारुरले उम्मेदवारी दर्ता गर्ने

नयाँदिल्ली, १० असोज (रासस/एएनआई) ।

भारतको प्रमुख प्रतिपक्षी दल भारतीय राष्ट्रिय काँग्रेसको अध्यक्ष पदका लागि वरिष्ठ नेता शशी थारुरले उम्मेदवारी दर्ता गर्नुहुने भएको छ ।

सङ्घीय संसदको सांसद समेत रहनु भएका थारुरले यही सेप्टेम्बर ३० मा उम्मेदवारी दर्ता गर्नुहुने भएको हो । उहाँले भन्नुभयो, "काँग्रेसका देशभरीका प्रतिनिधिहरुले मलाई उम्मेदवारी दर्ताका लागि उत्प्रेरित गरेका छन्, त्यसैले उनीहरुको भावना र आग्रह अनुसार मैले उम्मेदवारी दर्ता गर्न लागेको हुँ ।"

उम्मेदवारी दर्ताका लागि ५० जना प्रस्तावक चाहिनेमा सबै प्रस्तावकको तयारी भइसकेको पनि उहाँले जानकारी दिनुभयो । उहाँ अध्यक्षमा निर्वाचित हुनुभयो भने भारतीय राष्ट्रिय काँग्रेसमा २५ वर्षपछि मात्रै गान्धि परिवारभन्दा वाहिरको व्यक्ति अध्यक्ष हुनेछ । यसअघि सन् १९९६ मा सिताराम केसरी गान्धी परिवारभन्दा वाहिरको नेता काँग्रेसको अध्यक्ष हुनुभएको थियो । उहाँले शरद पवार र राजेश पिलोटलाई पच्यस्राजित गर्नु भएको थियो । त्यसपछिको निर्वाचनमा भने सन् १९९८ मा जितेन्द्र प्रसादलाई सोनिया गान्धीले अध्यक्षमा पराजित गर्नु भएको थियो ।

केन्द्रीय निर्वाचन आयोगका अध्यक्ष मधुसुदन मिस्त्रीले पार्टी केन्द्रीय कार्यालयमै उम्मेदवारी दर्ता फाराम उपलब्ध हुने जानकारी दिनुभयो ।

भारतीय राष्ट्रिय काँग्रेसलाई लामो समयदेखि अन्तरिम अध्यक्षले सञ्चालन गर्दै आउनु भएको छ । गत आम निर्वाचनमा पार्टीले नराम्रोसँग पराजय भोगेपछि तत्कालीन अध्यक्ष राहुल गान्धीले हारको जिम्मेवारी लिदैं नैतिकताका आधारमा पदबाट राजीनामा दिनु भएको थियो । उहाँको राजीनामा लामो समयसम्म अस्विकृत गर्दै उहाँलाई नै अध्यक्षको जिम्मेवारी सम्हाल्न आग्रह गरिएको थियो । तर जति आग्रह गर्दा पनि उहाँले नमानेपछि उहाँकै आम तथा पूर्व अध्यक्ष सोनिया गान्धीलाई नै अन्तरिम अध्यक्षको जिम्मेवारी दिएको छ ।

अब हुने महाधिवेशनबाट पनि राहुला गान्धीलाई नै अध्यक्ष बनाउनु पर्ने पक्षमा उभिदै आएका नेताहरुको सङ्ख्या धेरै छ । तर उहाँको बारेमा स्पष्ट निर्णय भइनसकेको बेला थारुरले उम्मेदवारी दिने तयारी गर्नु भएको हो ।

पार्टीभित्रको आन्तरिक विवाद र अन्यौलताका बीच लामो समयपछि भारतीय काँग्रेसले नयाँ नेतृत्व पाउने भएको छ ।

### बङ्गलादेशमा डुङ्गा पल्टिँदा मृत्यु हुनेको संख्या २४ पुग्यो

ढाका, १० असोज (रासस/सिन्ह्वा) ।

बङ्गलादेशको राजधानी ढाकाबाट चार यस ६८ किलोमिटर टाढा रहेको बङ्गलादेशको उत्तरी पञ्चगढ जिल्लाको करातोया नदीमा आइतवार दिउँसो डुङ्गा पल्टिँदा मृत्यु हुनेको सङ्ख्या २४ जना पुगेको छ ।

यहाँका स्थानीय सञ्चार माध्यमहरुले सो डुङ्गा दुर्घटनामा परी आइतबार १६ जनाको मृत्यु भएको जनाएका थिए ।"आइतबार राति सम्ममा १२ जना महिला, आठ जना बालबालिका र चार पुरुषको शव निकालिएको छ," पञ्चगढ जिल्लाका प्रहरी प्रमुख एस एम सिराजुल हुडाले जानकारी दिनुभएको छ ।

उहाँले केही व्यक्ति हराइरेका र उनीहरुको खोजी कार्य जारी रहेको तथा आइतबार रातिसम्ममा २४ जनाको शव भेटिएको जानकारी दिनुभएको थियो । सो डुङ्गामा एक सय जनाजति यात्रु रहेका बताइएको छ । अहिले पनि डुङ्गामा रहेका अरु १० देखि १२ जना जति यात्रु हराइरहेका पनि ती प्रहरी प्रमुखले जानकारी दिनुभएको छ ।

उद्धारका लागि प्रहरी परिचालन गरिएको र हराइरहेका व्यक्तिको खोजीका काम जारी राखिएको उहाँले जानकारी दिनुभयो । डुङ्गाको क्षमताभन्दा बढी व्यक्ति राखिएकाले बढी भार भएर सो दुर्घटना हुन पुगेको समाचारमा जनाइएको छ ।

### मध्य रुसको एक विद्यालयमा गोली चल्यो

मस्को, १० असोज (रासस/एएफपी) ।

मध्य रुसको इजेभस्क शहरको एक विद्यालयमा गोली चलेको छ । यस गोली प्रहारमा परी छ व्यक्तिको मृत्यु हुनुको साथै अन्य २० घाइते भएका आन्तरिक मन्त्रालयले सोमबार जानकारी दिएको छ ।

पीडितहरूको विषयमा हाल विस्तृत विवरण भने प्राप्त नभएको पनि मन्त्रालयले थप जानकारी दिएको छ । गोली चलाउने व्यक्तिको शव अहिले प्रहरीले फेला पारेको बताइएको छ ।

उनले आत्महत्या गरेका जनाइएको छ । उनको घृणित कार्यबाट छ जनाको मृत्यु हुनुको साथै २० जना घाइते भएका मन्त्रालयले टेलिग्राममा जानकारी दिएको छ । यस शहरका गभर्नर अलेक्जेन्डर ब्रेचालोभले मृत्यु हुनेमा बालबालिका रहेको पुष्टि गर्नुभएको छ ।

# स्वास्थ्य चौकी र शहरी क्लिनीकलाई औषधी तथा विद्युतीय उपकरणहरु प्रदान

**दैनिक समाचारदाता**
**राजविराज, १० असोज ।**

नगर क्षेत्र भित्र रहेका स्वास्थ्य चौकी तथा शहरी स्वास्थ्य क्लिनीकलाई सुविधा सम्पन्न बनाउनका लागि सोमबार लाखौं मूल्य बराबरको औषधी तथा विद्युतीय उपकरणहरु प्रदान गरिएको छ ।

नगरक्षेत्र भित्र रहेका एक शहरी स्वास्थ्य क्लिनीक र दुई स्वास्थ्य चौकीलाई लाखौ मूल्य बराबरको औषधी र विद्युतिय उपकरण, ल्यापटप, फनिचर लगायतका समाग्री प्रदान गरिएको हो ।

राजविराज ७ स्थित शहरी स्वास्थ्य क्लिनीक तथा राजविराज ९ र राजविराज ११ स्थित स्वास्थ्य चौकीलाई वितरण गरिएका समानहरुमा स्ट्रिट लाईट, एकवागार्ड पानी फिल्टर, फिटल डोपलर मेसिन, हिटर, ल्यापटप, स्टिल दराज, टेवुल कुर्सी, स्वास्थ्य किट लगायतका छन ।

राजविराज नगरपालिकाका कार्यवाहक नगर प्रमुख इशरत प्रविण, प्रमुख प्रशासकिय अधिकृत विनय कुमार सोनु लगायतले उक्त सरसमान सम्बन्धित स्वास्थ्य चौकीका प्रमुखहरुलाई हस्तान्तरण गरे ।

उक्त सरसमान क्रमिक रुपमा नगरक्षेत्रका ११ वटै शहरी स्वास्थ्य क्लिनीक र स्वास्थ्य चौकीमा वितरण गरिने नगरपालिका स्वास्थ्य शाखाका जनस्वास्थ्य प्रमुख निरन्जन यादवले जानकारी दिए ।

नगरक्षेत्रमा रहेका स्वास्थ्य चौकी र शहरी क्लिनीक मार्फत विभिन्न खाले स्वास्थ्य सेवा प्रदान गर्दै आएको नगरपालिकाले सेवालाई अझ प्रभावकारी, विश्वसनीय र गुणस्तरीय बनाउन उक्त सरसमान प्रदान गरेको नगरपालिकाले जनाएको छ ।




# उन्नाइस किलो चाँदीसहित भारतीय नागरिक पक्राउ

कमला, १० असोज (रासस) ।

सशस्त्र प्रहरीले धनुषाबाट १९ किलो चाँदीसहित एक भारतीय नागरिकलाई पक्राउ गरेको छ । सशस्त्र प्रहरीले भारत विहार मधुवनी जिल्लाको सुट्टी गाउँका ५० वर्षीय चन्द्रकान्त झालाई पक्राउ गरेको हो ।

शरीरको विभिन्न भागमा लुकाएर साइकलमा भारतबाट नेपालतर्फ ल्याउँदै गरेको अवस्थामा जाँच गर्दा पक्राउ गरिएको सशस्त्र प्रहरी बल जटहीका प्रहरी नायब उपरीक्षक निर्मल खड्काले जानकारी दिनुभयो ।

उहाँले बरामद गरिएको १९.४१७ केजी चाँदीको रु१९ लाख ६४ हजार तीन सय ४० मूल्य बराबरको रहेको बताउनुभयो । बरामद चाँदीसहित पक्राउ परेका भारतीय नागरिकलाई आवश्यक कारबाहीका लागि जनकपुर भन्सार कार्यालयमा बुझाइएको प्रहरी नायब उपरीक्षक खड्काले बताउनुभयो ।

# ५३ जनामा संक्रमण

काठमाडौं, १० असोज (रासस) ।

कोरोना भाइरसको सङ्क्रमण घटेको पाइएको छ । अहिले दैनिक सयभन्दा कममा कोरोना भाइरसको सङ्क्रमण देखिएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सोमबार गरेको नियमित बुलेटिनमा दुई हजार छ सय २४ परीक्षणमध्ये ५३ जनामा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएको छ । सोमबार ८४ जना कोरोना भाइरसबाट स्वास्थ्य लाभ लिई घर फर्किएका छन् । निको हुने प्रतिशत ९८.७ प्रतिशत रहेको छ ।

सक्रिय सङ्क्रमितको सङ्ख्या एक हजार एक सय ७८ जना पुगेको छ । पाँच सयभन्दा बढी सङ्क्रमित भएका जिल्ला काठमाडौं रहेको छ । यस्तै १४ जिल्लामा सङ्क्रमित सङ्ख्या शून्य छ । ताप्लेजुङ, तेह्रथुम, सिन्धुली, मनाङ, मुस्ताङ, म्याग्दी, हुम्ला, डोल्पा, कालिकोट, रुकुम पश्चिम, जाजरकोट, दैलेख, मुगु र दार्चुला छन् ।

यस्तै होम आइसोलेसनमा एक हजार एक सय ३०, संस्थागत आइसोलेसनमा ४८, सघन उपचार कक्ष (आइसियु)मा १० जनाको उपचार भइरहेको छ । विगत २४ घण्टामा कोरोना भाइरस विरुद्धको खोप कसैले पनि नलगाएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ ।

# सप्तरीमा ३ हजार २ सय ७८ जनालाई म्यादी प्रहरीमा खटाइने

**दैनिक समाचारदाता**
**राजविराज, १० असोज ।**

आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा सुरक्षा प्रयोजनका लागि सप्तरीमा ३ हजार २ सय ७८ जनालाई म्यादी प्रहरीमा खटाइने भएको छ ।

म्यादी प्रहरीमा भर्नाका लागि सप्तरीमा ८ हजार ९ सय ६० जनाको आवेदन परेको थियो । जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार म्यादी प्रहरीमा भर्ना हुनका लागि तोकिएको अन्तिम दिन बिहीबार १ हजार ६ सय २३ महिला र ७ हजार ३ सय ३७ पुरुषले आवेदन दिएका थिए ।

मधेश प्रदेशको ८ वटै जिल्लामा २३ हजार सात सय ७१ म्यादी प्रहरी खटाइने मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरले जनाएको छ ।

मधेश प्रदेशका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक सुमनकुमार तिमल्सिनाका अनुसार सिरहामा दुई हजार आठ सय नौ, धनुषामा तीन हजार चारसय ८६, महोत्तरीमा दुई हजार आठ सय एक म्यादी प्रहरी खटाइने छ ।

त्यस्तै सर्लाहीमा तीन हजार तीन सय सात, रौतहटमा दुई हजार नौ सय ३९, बारामा तीन हजार एक सय ४४ र पर्सामा दुई हजार सात म्यादी प्रहरी खटाइने छ ।

मधेस प्रदेश प्रहरी कार्यालयले भर्नाका लागि आवेदन दिने असोज ६ गते अन्तिम दिनसम्ममा म्यादी प्रहरीमा भर्ना हुनको लागि प्रदेशका सबै जिल्लाहरुमा ११ हजार ८ सय २७ महिला र ५५ हजार ५७ पुरुष गरि ६६ हजार ८ सय ८४ जनाको आवेदन परेको थियो ।

प्रवक्ता तिमिल्सिनाले हाले सम्पन्न स्थानीय तह निर्वाचनमा खटिसकेका पुराने अनुभवी म्यादी प्रहरीलाई प्राथमिकतामा राखिएको र पुरानाबाट बचेका सिटमा नयाँले मौका पाउने बताए ।

आवेदन दिएकाको असोज ९ गतेदेखि १४ गतेसम्म छनोट हुने र असोज २५ गते अन्तिम नतिजा प्रकाशन गर्ने तालिका छ ।

# अवैध १३ किलो चाँदीसहित दुई पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १० असोज ।**

भारतीय क्षेत्रसँग जोडिएको सप्तरीको छिन्नमस्ता गाउँपालिकाबाट १३ किलो अवैध चाँदीका गरगहनासहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा झापाको शिवसतासी नगरपालिका २ बस्ने २५ वर्षीय करण लोहार र कमल गाउँपालिका ४ का ३५ वर्षिय मनी विश्वकर्मा छन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधव प्रसाद काफ्लेले बरामद सामानको १४ लाख ११ हजार ७ सय ७ रुपैयाँ मूल्यांकन गरिएको जानकारी दिए । बरामद सामानहरुमा चाँदीका औठी, काडा, बाला, ब्रासलेट, सिक्री लगायतका गरगहना छन् ।

सिमावर्ती क्षेत्रमा शंकास्पद अवस्थामा हिडडुल गरेको देखेपछि चेकजाँच गर्दा उनीहरुले बोकेको झोलाबाट उक्त परिमाणको अवैध चाँदीको गरगहनाहरु बरामद भएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार आईतवार साँझ पक्राउ परेका उनीहरुलाई चाँदीका अवैध गरगहनासहित सोमबार आवश्यक कार्वाहीका लागि सुनसरी इटहरीस्थित राजस्व अनुसन्धान कार्यालय चलान गरिएको छ ।

# चट्याङ लागेर एकको मृत्यु

**दैनिक समाचारदाता**
**बिरगंज, १० असोज ।**

विरगंज महानगरपालिका वडा नं.२ छपकैयामा चट्याङ लागेर एक जनाको घट्नास्थलमै मृत्यु भएको छ । सो घटनामा तीन जना घाइते भएका छन् ।

मृत्यु हुनेमा विरगंज महानगरपालिका वडा नं.२ छपकैँया निवासी १५ वर्षिय सिद्धान्त उपाध्याय छन् । सो घटनामा वडा नं. २ निवासी वर्ष २९ की कुलनेसा खातुन, वडा नं. ४ निवासी वर्ष १३ का अर्जुन राउत र पर्सा जिल्लाकै बिन्दवासनी गाउँपालिकाका कुन्दन दास छन् ।

घाइतेहरुको स्थानिय नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार सम्भव नभएपछि थप उपचारका लागि एन.एम.सी अस्पतालमा पठाइएको छ ।

सोमबार बिहान चट्याङ खस्दा छपकैया पोखरी नजीक क्रिकेट खेलिरहेका नाबालकहरुलाई चट्याङ लागेको त्यहाँका स्थानीयहरुले जानकारी दिएका छन् । चट्याङ खस्ने स्थानमा ३ फिट जति जमिनमा खाल्टो बनेको घटना स्थलमा देखिएको छ ।

*निर्वाचन...*

आयुक्त थपलियाले कानुन व्यवस्था संशोधन हुनुपर्ने उल्लेख गरेका थिए । महासंघले उक्त पत्रको बोधार्थ प्रधानमन्त्री, गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पनि दिएको छ ।

त्यस्तै नेकपा एमाले, नेपाली कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी, जनता समाजवादी पार्टी र लोकतान्त्रिक समाजवादी पार्टीलाई पनि बोधार्थ दिइएको छ ।

## सुचना । सुचना ॥ सुचना ॥।

यही कार्तिक १२ गते देखि प्रधानमन्त्री कप (पिएम कप) प्रतियोगितामा सहभागीका लागी सप्तरी क्रिकेट सँघ राजबिराजको आयोजनामा असोज १३,१४ र १५ हुने भएकोले जिल्ला भरका १५ बर्ष उमेर पुरा गरेका सम्पुर्ण क्रिकेट खेलाडीहरू तपसिल बमोजिमको मिति, स्थान र समयमा उपस्थित भई छनोट प्रतियोगितामा सहभागीका लागि अनुरोध छ ।

**तपसिल**

**मिति** : २०७९ असोज १३, १४ र १५
**स्थान** : पवि माबि राजबिराज खेल मैदान
**समय** : बिहान ७ बजे देखि

**चन्दनकुमार यादब**
सचिव
सप्तरी क्रिकेट सँघ


## डेंगीबाट बचौं ।

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरूमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरू आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit · City Express Money Transfer · Best Remit · Prabhu Money Transfer · IME International Money Express · himal remit हिमालरेमिट · CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np